(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)

# स्वत:प्रकाशन

## (Proactive Disclosure)

२०८१ कार्तिक १ गते देखि २०८१ पौष मसान्त सम्म



जिल्ला समन्वय समितिको कार्यालय,

ओखलढुंगा

# विषय सूची


| सि.नं. | शीर्षक | पेज न. |
|---|---|---|
| १. | जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | जिल्ला समन्वय समितिको कार्यालयको काम कर्तव्य र अधिकार | १ |
| ३. | जिल्ला समन्वय समितिको कार्यालयको स्वीकृत दरवन्दी र शाखागत विवरण | ३ |
| ४. | जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा/कार्यविवरण | ६ |
| ५. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ६. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ७. | सम्पादन गरेको मुख्य मुख्य कामको विवरण | ७ |
| ८. | जिल्ला समन्वय समितिको कार्यालयसंग सम्वन्धित ऐन कानुनहरु | ८ |
| ९. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | ८ |
| १०. | कार्यालयको सम्पर्क | ८ |


रंजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति :

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने कार्यालय हो । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरूले निर्वाचित गरेका ६ देखि ९ जनाको संख्यामा पदाधिकारी रहने संवैधानिक व्यवस्था छ । जिल्लाभित्रका नगरपालिका प्रमुख र उपप्रमुख तथा गाउँपालिका अध्यक्ष र उपाध्यक्षहरू जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्ने व्यवस्था छ । ओखलढुंगा जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहेकोमा स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित हुनुभएका प्रमुख डिल्लीराम खनालज्यूको २०८०/०६/१३ मा निधन भएकोले करिब १४ महिना उक्त पद रिक्त भएकोमा स्थानीय तह उपनिर्वाचन २०८१ बाट निर्वाचित भई श्री टेकराज भट्टराईज्यूले मिति २०८१/०८/१८ गतेदेखि जिल्ला समन्वय समिति प्रमुखज्यूको पदभार ग्रहण गर्नुभएको छ ।

संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुकै कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारीको नेतृत्वमा निजामती तथा करार सेवा तर्फका कर्मचारीहरी कार्यरत रहेका छन् । नेपालको संविधानको धारा २२० (७) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी जिल्ला समन्वय समितिले आफ्नो कार्य संचालन गर्ने व्यवस्था छ ।

## २. जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगाको काम, कर्तव्य र अधिकार :

### २.१. संविधानद्वारा प्रदत्त :

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

२०८१/१०/०८
रोजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

## २.२. स्थानीय सरकार संचालन ऐनद्वारा प्रदत्त [illegible]:

क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्ला भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाठ संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनदाई सार्वजनिक गर्ने,

ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय र सहजीकरण गर्ने,

च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी र कार्यको समन्वय गर्ने,

छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,


झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षा कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

२०८१।१०।०६
रोजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

३. जिल्ला समन्वय समितिको कार्यालयको स्वीकृत दरबन्दी विवरण तथा शाखागत कार्यविवरण :

क. संगठन संरचना




नि. जिल्ला समन्वय अधिकारी

## ख. दरबन्दी विवरण

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी (रा.प.प्र.) | १ | ० | |
| २. | शाखा अधिकृत (रा.प.तृ.) | १ | ० | |
| ३. | ईन्जिनियर सिभिल (रा.प.तृ.) | १ | ० | |
| ४. | नायव सुव्वा | १ | १ | |
| ५. | जि.स.स. प्रमुखको स्वकीय सचिव (ना.सु. सो सरह करार सेवा) | १ | १ | |
| ६. | लेखापाल | १ | ० | |
| ७. | सव ईन्जिनियर | १ | ० | |
| ८. | खरिदार | १ | १ | |
| ९. | हलुका सवारी चालक | २ | २ | |
| १०. | कार्यालय सहयोगी | ३ | ३ | |
| जम्मा | | १३ | ८ | |

## ग. पदाधिकारी

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | टेक राज भट्टराई | प्रमुख | ९८४१४४८११४ | |
| २ | तारा देवी कार्की | उपप्रमुख | ९७४६९९६३२७ | |
| ३ | गोपालमान थापा | सदस्य | ९८४२९३१२७६ | |
| ४ | बद्रि बिक्रम कार्की | सदस्य | ९८४१४६१६४८ | |
| ५ | भीम कुमार गौतम | सदस्य | ९८५१०८६७२६ | |
| ६ | भीम कुमारी कटवाल खत्री | सदस्य | ९८४२९२९३७० | |
| ७ | भीम कुमारी कामी | सदस्य | ९८४३६२४३२७ | |
| ८ | मैया सुनुवार | सदस्य | ९८४२८५७६६० | |
| ९ | राजाबाबु किराती | सदस्य | ९८४०३५०५९७ | |

रोजन क्षेत्री
नि. जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय ओखलढुंगा स्था: २०६३

घ. कर्मचारी

| सि.नं. | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | जिल्ला समन्वय अधिकारी | | स्थायी कर्मचारी |
| २ | | शाखा अधिकृत | | |
| ३ | | ईन्जिनियर | | |
| ४ | रोजन खत्री | नायब सुब्बा (नि.जि.स.अ.) | ९८५२८३४३१८ | |
| ५ | सोमनाथ बास्तोला | लेखापाल | ९८५२८४१५९५ | |
| ६ | मनितम राई | खरीदार | ९८४२८३६८५१ | |
| ७ | | सव ईन्जिनियर | | |
| ८ | राम कुमार आले | कार्यालय सहयोगी | ९८५२८३४७३३ | |
| ९ | लिला बहादुर सुनुवार | प्रमुखज्यूको स्वकीय सचिव | ९८५२८४०७३६ | सेवा करार |
| १० | जुज बहादुर माझी | कार्यालय सहयोगी | ९८४२८५७९१४ | |
| ११ | प्रमिला श्रेष्ठ | कार्यालय सहयोगी | ९८६३८२९३७७ | |
| १२ | बिर्ज तामाङ | हलुका सवारी चालक | ९७४६९९२९२२ | |
| १३ | भुपाल श्रेष्ठ | हलुका सवारी चालक | ९८४३२२७४०९ | |

ग. शाखागत विवरण :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क न. |
|---|---|---|---|
| १ | प्रशासन, समन्वय तथा गुनासो व्यवस्थापन | नि.जि.स.अ. रोजन खत्री | ९८५२८३४३१८ |
| ३. | प्रशासन तथा व्यवस्थापन शाखा | खरिदार मनितम राई | ९८४२५३६८५१ |
| ४. | अनुगमन तथा मूल्याङ्कन शाखा | ईन्जिनियर<br>सव ईन्जिनियर | |
| ५. | आर्थिक प्रशासन शाखा | लेखापाल सोमनाथ बास्तोला | ९८५२८४१५९५ |
| ६. | दर्ता चलानी तथा अभिलेख व्यवस्थापन | का.स. राम कुमार आले | ९८५२८३४७३३ |
| ७. | प्रमुखज्यूको सचिवालय सम्बन्धी | लिला बहादुर सुनुवार | ९८५२८४०७३६ |

२०८१।१०।०८
रोजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा/कार्यविवरण :

जिल्ला समन्वय समितिको कार्यालयबाट प्रवाह हुने सेवा, आवश्यक कागजात तथा प्रक्रिया सहितको विवरण कार्यालयको वेवसाईट **www.dccokhaldhunga.gov.np** बाट हेर्न सकिन्छ ।

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| क्र.सं. | सेवा/सुविधा | प्रक्रिया | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | चिठीपत्र, निवेदन, प्रतिवेदन, उजुरी आदी दर्ता | दर्ता चलानी फाँटमा बुझाउनुपर्ने | नलाग्ने | सोही दिन | दर्ता चलानी | जिल्ला समन्वय अधिकारी |
| २. | सूचना टाँस | सम्बन्धित कार्यालयले सूचना टाँस गरिदिन भनी पत्र पठाउनुपर्ने | नलाग्ने | सोही दिन | प्रशासन शाखा | |
| ३. | धरौटी फिर्ता | -निर्धारित समय पुरा भएको<br>-धरौटी फिर्ताको लागि निवेदन दिनुपर्ने<br>- करचुक्ता गरेको प्रमाणपत्र | नलाग्ने | सोही दिन | आर्थिक प्रशासन शाखा | |
| ४. | सभाकक्ष/हल भाडामा दिने | -कम्तिमा ३ दिन अगाडी प्रयोजन खुलेको पत्र | प्रतिदिन रु. ३०००/- | सोही दिन | जिन्सी शाखा | |
| ५. | सूचना लिने | - सूचनाको माग निवेदन | सूचनाको हक सम्बन्धी ऐनबमोजिम | सोही दिन | सूचना अधिकारी | |

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

क) **निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवम् सूचनाको सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

ख) **निर्णय गर्ने अधिकारी** :

- शाखा सँग सम्बन्धित नियमित कामहरू शाखा प्रमुखबाट निर्णय हुने ।
- विशेष निर्णय तथा कार्यालयप्रमुख बाटै हुनुपर्ने भनी तोकिएको कामसँग सम्बन्धित निर्णय जिल्ला समन्वय अधिकारीबाट ।
- नीतिगत निर्णयहरू जिल्ला समन्वय समितिबाट हुने ।

ग. **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : प्रचलित कानून बमोजिम ।

२०७९।१०।०६
राजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

घ. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

<u>कार्यालय प्रमुख :</u>

| | | |
|---|---|---|
| नाम | : | रोजन खत्री |
| पद | : | नि. जिल्ला समन्वय अधिकारी |
| सम्पर्क नं. | : | ९८५२८३४३१८ |

<u>सूचना अधिकारी :</u>

| | | |
|---|---|---|
| नाम | : | मनितम राई |
| पद | : | खरिदार |
| सम्पर्क नं. | : | ९८५२८३६८५१ |
| ईमेल | : | dccokhaldhunga@gmail.com |

७. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण : (२०८१ श्रावण १ देखि पौष सम्मको)

- दैनिक प्रशानिक कार्यहरू नियमित रुपमा सम्पन्न गरिएको ।
- संघीय तथा प्रादेशिक मन्त्रालयका विभिन्न निर्देशन तथा परिपत्रानुसार स्थानीय तह तथा जिल्ला स्थित कार्यालयहरूसँग समन्वय गरिएको ।
- जिल्लाको चम्पादेवी गाउँपालिकामा पर्ने पवित्र धार्मिक स्थलको रुपमा रहेको चम्पादेवी मन्दिर वर्षातका कारण क्षतिग्रस्त भएकोले २०८१/०६/०२ गतेका दिन अनुगमन तथा निरीक्षण गरी पुनर्निर्माणका लागि संघीय र प्रदेश सरकारसमक्ष सिफारिस गरिएको ।
- जिल्ला समन्वय समितिको ८ (आठ) वटा नियमित बैठक सम्पन्न भएको भई निर्णय कार्यान्वयन गरेको ।
- जिल्ला समन्वय समितिको समन्वयमा २ (दुई) वटा लैंगिक सम्बोधन र अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि जिल्ला स्तरीय समन्वय बैठक सम्पन्न भएको । उक्त बैठकमा सबै पालिकाहरूले Safe House र OCMC संचालनका लागि दिगो स्रोत व्यवस्थापन गर्ने प्रतिवद्धता प्राप्त भएको ।
- २०८१/०६/१०-१३ सम्मको अविरल वर्षातबाट भएको जिल्ला भित्रका विभिन्न क्षतिग्रस्त स्थानहरूको प्रमुखज्यूबाट अनुगमन तथा निरीक्षण गरिएको ।
- सुनकोशी, मानेभन्ज्याङ र चम्पादेवी गाउँपालिकामा तत्काल राहतका वितरणका लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट प्रति पालिका रु. ५० लाख उपलब्ध भएकोमा राहत रकम खर्च गर्ने मार्गदर्शन बमोजिमका राहत सम्बन्धी क्रियाकलापहरूको जिल्ला समन्वय समितिका पदाधिकारीहरूबाट नियमित अनुगमन गरिएको ।

रोजन खत्री
नि. जिल्ला समन्वय अधिकारी

८. सम्वन्धित ऐन कानुनहरु :

जिल्ला समन्वय समितिको कार्यालयसँग सम्बन्धित ऐन, कानूनहरू यस कार्यालयको वेभसाइट www.dccokhaldhunga.gov.np मा उपलब्ध छ ।

## ९. आर्थिक विवरण सम्बन्धी अद्यावधिक विवरण

| क्र. सं. | खर्च विवरण | स्रोत | कुल बजेट | २०८१ पुस महिनासम्म खर्च | बजेट बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कर्मचारी/पदाधिकारीको तलव/पारिश्रमिक तथा विभिन्न सुविधा | नेपाल सरकार | १०२८२००० | ३१३७८४५.९० | ७१४४१५४.१० | |
| २. | निजि सचिवालय करार कर्मचारी | | ४८८००० | ४९७८४ | ३९८२१६ | |
| ३. | अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी तथा बिजुली, संचार महशुल, लगायत अन्य ईन्धन, मर्मत, सवारी नविकरण, मसलन्द र विविध खर्च | | ३२०१००० | १०६७५७४ | २१३३४२६ | |
| ४. | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | | ३८८००० | ०० | ३८८००० | |
| ५. | अनुगमन तथा भ्रमण खर्च | | ९७०००० | २६६५०० | ७०३५०० | |
| | | | १५२८९००० | ४५२१७०३.९० | १०७६७२९६.१० | |

## १०. कार्यालयको सम्पर्क

ठेगाना : जिल्ला समन्वय समितिको कार्यालय, सिद्धिचरण न.पा. १२, ओखलढुंगा

वेभसाईट : http://dccokhaldhunga.gov.np

ई-मेल : dccokhaldhunga@gmail.com

फेसबुक : जिल्ला समन्वय समिती ओखलढुंगा

फोन नं. : ०३७५२०१४४, ०३७५२०१४३

२०८१।१०।०६
रोजन खत्री
नि. जिल्ला समन्वय अधिकारी